# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभाग

**इ.प्रा. परिपत्र संख्या : ०८/२०७८-७९** **मितिः २०७८/०६/२५**

**श्री नेपाल राष्ट्र बैंक, बैंकिङ्ग विभाग लगायत सम्पूर्ण प्रदेशस्थित कार्यालयहरू, इजाजतपत्रप्राप्त "क" वर्गका वाणिज्य बैंकहरु, राष्ट्रिय स्तरका "ख" वर्गका विकास बैंकहरु ।**

**विषय : एकीकृत परिपत्र-२०७६ मा संशोधन गरिएको सम्बन्धमा ।**

महाशय,

विदेशी विनिमय कारोबार गर्न इजाजतपत्रप्राप्त निकायलाई जारी गरिएको एकीकृत परिपत्र-२०७६ मा देहायबमोजिम संशोधन/थप गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

**(१) एकीकृत परिपत्र ७/२०७६ को दफा १ (ख) को खण्ड (३) मा संशोधन :**

नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा जाने नेपाली नागरिकलाई राहदानी वापत अधिकतम अमेरिकी डलर २००।- (दुई सय) सम्म मात्र सटही सुविधा उपलब्ध गराउनु पर्नेछ ।

**तर, वैदेशिक रोजगारीका लागि दक्षिण कोरिया जाने नेपाली प्रतिवद्ध कामदारहरु (Special Re-entry Employees) का लागि कोभिड-१९ का कारण क्वारेन्टिन खर्चबापत सो व्यहोरा खुल्ने वैदेशिक रोजगार विभागको सिफारिस पत्र समेतको आधारमा थप अधिकतम अमेरिकी डलर १,५००।- (एक हजार पाँच सय) सम्म सटही सुविधा विद्युतीय कार्डको माध्यमबाट उपलब्ध गराउन यस व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।**

भवदीय,

(रामु पौडेल)
कार्यकारी निर्देशक

**बोधार्थः**

१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय ।
४. श्री नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय ।
५. श्री वैदेशिक रोजगार विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
८. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
९. श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
१०. श्री नेपाल राष्ट्र बैंक, आन्तरिक लेखा परीक्षण विभाग ।
११. श्री नेपाल उद्योग वाणिज्य महासंघ ।
१२. श्री नेपाल उद्योग परिसंघ ।
१३. श्री नेपाल चेम्बर अफ कमर्स ।
१४. श्री नेपाल बैंकर्स संघ ।
१५. श्री डेभलपमेण्ट बैंकर्स एशोसिएसन ।